धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या १७/०८१/०८२

आज मिति २०८२ साल असार ३२ गते, बुधबार विहान १०:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | कमल प्रसाद भट्टराई | कार्यपालक अध्यक्ष | १४ | |
| | [illegible] | [illegible] अध्यक्ष | ६ | |
| | मिरा विश्वकर्मा | ~~[illegible]~~ का. ०७ | १६ | |

मिति २०८२/०३/३२ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णयका विषयहरुः

१. बैठकको गणपुरक संख्या सम्बन्धमा।

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

यस अघि मिति २०८२/०३/०८ गते बसेको कार्यपालिकाको बैठक विविध कारणवस बस्न नसकेको बैठकमा जानकारी भयो।

३. तहबृद्धि सिफारिस समिति सम्बन्धमा।

कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा एक महिला सहित दुई जना वरिष्ठ कर्मचारीहरुको तह बृद्धि सिफारिस समिति गठन गर्ने व्यवस्था रहेकोमा उक्त समितिमा तपसिल बमोजिमका वरिष्ठ कर्मचारी तोक्ने मिति २०८२/०३/१९ गतेको नगर प्रमुख स्तरीय निर्णय भएकोले आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

श्री जुनु राई, महिला विकास अधिकृत, अधिकृत आठौं

श्री सुरज श्रेष्ठ, वरिष्ठ ईन्जिनियर, अधिकृत आठौं

४. विविधं

क. अस्थायी/कार्यक्रम/करार/ज्यालादारीमा कार्यरत कर्मचारीको नवीकरण गर्ने सम्बन्धमा।

I. स्थानीय सरकारी सेवा (सेवा तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भए बमोजिम "स्थानीय" तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा साविक स्थानीय तहमा अस्थायी करारमा कार्यरत कर्मचारीहरुको सेवा निरन्तरताका लागि यस आ.ब. २०८२/०८३ का लागि करार नवीकरण गर्ने निर्णय गरियो।

II. आ.ब. २०८१/०८२ देखि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम, अव्यवस्थित बस्तीहरुमा घर नं. वितरण (सुकुम्वासी व्यवस्थापन) कार्यक्रम, शहरी स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन गर्न यस कार्यालयमा करार सेवामा अविच्छिन्न रुपमा सेवारत कार्यरत कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटरहरु, स्वास्थ्यकर्मी लगायत प्राविधिक कर्मचारीहरुबाट भएका उल्लेखित कार्यहरु सन्तोषजनक सम्पादन भई रहेकोले यस आ.ब. २०८२/०८३ मा उल्लेखित कार्यका सम्पादन गर्नका लागि निजहरुको सेवा आवश्यक रहेकोहुँदा सेवा निरन्तरताका लागि करार नवीकरण गर्ने निर्णय गरियो।

III. अनुशासनहीन तथा नियम विपरीत कार्य आचरण गरेकाहरु बाहेक धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा सातहतका कार्यालयमा अविच्छिन्नरुपमा करार तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरुको आ.ब. २०८२/०८३ का लागि करार नविकरण गर्ने निर्णय गरियो।

ख. आवधिक योजना स्वीकृत गर्ने सम्बन्धमा।

धरान उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा गर्नका लागि छनौट भएको परामर्शदाता श्री Ecocode-Moonlight-QuestJV ले मिति २०८१।०८।१२ मा तयार गरी पेश गरेको अन्तिम प्रतिवेदनलाई पारित गरी आगामी आ.ब. देखि कार्यान्वयनमा ल्याउने निर्णय गरौं। साथै उक्त प्रतिवेदनको भुक्तानीका सम्बन्धमा श्रीमान् नगर प्रमुख स्तरीय मिति २०८२/०३/२४ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

ग. धरान-१३ स्थित श्री अमर आधारभुत विद्यालयको भवन निर्माण आयोजना विस्तृत अध्ययन प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

मिति २०८१/०५/१८ मा बसेको कार्यपालिका बैठकको निर्णयानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाहरु छनौट गरी पठाइएको

मध्ये भारतीय राजदुतबाट धरान-१३ स्थित अमर आधारभुत विद्यालयको हाताभित्र भवन निर्माण गर्ने सम्बन्धमा थप प्राविधिक विवरणहरु माग भएकोले भवन निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्न उपमहानगरपालिका र श्री होम प्लान्स कन्सल्टेन्सी धरान-१२ बीच भएको सम्झौता बमोजिम मिति २०८२/०२/०८ मा सम्बन्धित कन्सल्टेन्सीले तयार गरी पेश गरेको अन्तिम प्रतिवेदनलाई पारित गर्ने निर्णय गरौं। साथै उक्त प्रतिवेदनको भुक्तानीका सम्बन्धमा श्रीमान नगर प्रमुख स्तरीय मिति २०८२/०३/२३ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

घ. धरान-८ स्थित स्मार्ट बसपार्क आयोजनको ठेक्का सम्पन्न सम्बन्धमा।

धरान-८ स्थित निर्माण सम्पन्न भएको स्मार्ट बसपार्क स्थलको दक्षिण पश्चिम भागमा कच्ची टहरा बनाई बसोबास गरेका श्री मनिराज राईद्वारा सम्मानित जिल्ला अदालत सुनसरीमा मुद्दा दायर गरी विचाराधिन अवस्थामा रहेकोले, अन्य कारणहरुका अलवा निर्माणस्थल उपलब्ध गराउन नसकेको कारणले २ पटक म्याद थप भईसकेको र थप भएको म्यादभित्र सम्मानीत जिल्ला अदालतमा विचाराधिन रहेको निर्माणस्थल बाहेकका ठेक्का सम्झौताको BOQ मा उल्लेख भएको सम्पूर्ण कामहरु सम्पन्न भइसकेकोले आर्थिक भारका कारणबाट पुनः म्याद थप गर्न असमर्थ रहेको भनि सम्बन्धित निर्माण व्यवसायी BKOI-Geetanijali JV ले मिति २०८१/१२/२२ मा निवेदन दर्ता गराएको हुँदा सम्मानित जिल्ला अदालतमा विचाराधिन अवस्थामा रहेको मुद्दासँग सम्बन्धित निर्माणस्थलका बारेमा सम्मानीत अदालतको फैसला अगाडी कुनै पनि काम गर्न नसकिने, उक्त निर्माणस्थल बाहेकका ठेक्का सम्झौताको BOQ अनुसारको सम्पूर्ण कामहरु निर्धारित म्यादभित्र सम्पन्न भई सकेको तथा उक्त निर्माणस्थलमा सम्झौता बमोजिम गरिनु पर्ने कार्य नगरिदा डिजाइन बमोजिमको केहि काम अधुरो रहेता पनि बसपार्क सञ्चालनमा खासै समस्या नहुने हुनाले पटक-पटक म्याद थप गर्न त्यति उचित नहुने हुँदा उक्त आयोजनाको ठेक्का सम्पन्न गरी गराई सम्मानीत जिल्ला अदालतबाट पछि फैसला भएपछि बाँकी काम छुट्टै खरिद प्रकृयाबाट सम्पन्न गराउने निर्णय गरियो। साथै उक्त आयोजनाको अन्तिम बिल भुक्तानीका सम्बन्धमा श्रीमान नगर प्रमुख स्तरीय मिति २०८२/०३/२४ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

ङ. उपमहानगरपालिका द्वारा संकलन गरिने कर, शुल्क, दस्तुर महसुल सम्बन्धमा।

यस उपमहानगरपालिकाले मिति २०८२/०४/०१ देखि संकलन गर्ने कर, शुल्क, दस्तुर महशुलको दर आगामी नगरसभा बैठकले पारित नगरेसम्मको लागि आ.ब. २०८१/०८२ को दरलाई नै निरन्तरता दिने निर्णय गरियो।

च. असाधारण तथा अध्ययन विदा सम्बन्धमा।

i. धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको योजना महाशाखामा कार्यरत इन्जिनियर अधिकृत आठौं तहका श्री रोशन गिरी (क.स.नं.२२६४८७) ले Master Degree अध्ययन छात्रवृत्तिका लागि यस कार्यालयबाट पूर्व स्वीकृत लिई छात्रवृत्ति कोटाबाट मनोनयन भई Korea International Cooperation Agency (KOICA) को पत्र मार्फत Master Degree Program in water Resource Management कार्यक्रमका लागि मिति २०८२/०४/२० गतेदेखि मिति २०८३/०९/३० गतेसम्म १८ महिना अध्ययन विदाका लागि निवेदन पेश गरेको सम्बन्धमा स्थानीय सरकारी सेवा (सेवा तथा सञ्चालन) ऐन, २०८० को दफाको १२० बमोजिम अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

ii. धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य महाशाखा अन्तर्गत पाँचकन्या स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी लक्ष्मी दियाली वि.क.(क.स.नं.) ले आफ्नो घरायसी कारणले कार्यालय आई दैनिक कार्य सम्पादन गर्न नसक्ने भनि असाधारण विदा माग गरिएको सम्बन्धमा स्थानीय सरकारी सेवा (सेवा तथा सञ्चालन) ऐन, २०८० को दफाको १२१ बमोजिम एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई सो अवधिभर तलब नपाउने व्यवस्था भए बमोजिम निजको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो।

छ. बाटो दर्ता तथा प्लानिङ परमिट सम्बन्धमा।

धरान उपमहानगरपालिका विभिन्न वडाहरुबाट प्राप्त निवेदन बमोजिम बाटोहरुको नामाकरण तथा मापदण्ड निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत

अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरी नगर प्रमुखबाट निर्णय भएका बाटोको मापदण्ड, नामकरण अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भुमिराज नेम्बाङ्ग र तेजु राई | १५ | सुम्निमा पारुहाङ्ग मार्ग | | आधारभूत मार्ग | पूर्वगई उत्तर कि.नं.८०८२, ८१८५सम्म | कार्यपालिकाको मिति:२०७५।१२।०८गतेको निर्णय नं.६ अनुसार (ने.स.मा चढेको कि.नं.६८१२, मिति२०६६।४।९) |
| २ | ज्ञानेन्द्र प्रसाद श्रेष्ठ | १३ | राम उदय मार्ग | २०फिट | अमरहाट | पूर्व बन्द | कि.नं.१५२९ क्षेत्रफल ०–४–१२.२५ ( प्लानिङ्ग परमिट स्वीकृतीको लागि साथै ५कठ्ठा सम्मको जग्गाको लागि खुल्लाक्षेत्र नछाडने) |

ज. <u>विद्यालयको कक्षा थप तथा प्रारम्भिक बालविकास केन्द्रको स्थापनाका लागि अनुमति दिइएको सम्बन्धमा।</u>

यहि शैक्षिक सत्र २०८२ देखि कक्षा थप गरी विद्यालय सञ्चालन गर्न अनुमतिका लागि सूचना प्रकाशित गरिएकोमा, निर्धारित समय भित्रमा आवेदन पेश गरिएका विद्यालयहरुले तोकिएको मापदण्ड तथा पूर्वाधारहरु पुरा गरेको आधारमा शिक्षा महाशाखाको स्थलगत प्रतिवेदन तथा सिफारिसका साथै नगर शिक्षा समितिको बैठकको निर्णानुसार तपसिल बमोजिमका विद्यालयहरुको कक्षा थपको अनुमति दिने निर्णय गरियो।

तपसिल

| क्र.स. | विद्यालयको नाम | ठेगाना | विद्यालयको किसिम | सिफारिस भएको कक्षा |
|---|---|---|---|---|
| १ | देउराली पञ्चकन्या विलिभर्स इङलिस स्कुल | धरान-५ | संस्थागत | कक्षा-९ |
| २ | एप्पल मन्टेश्वरी स्कुल | धरान-११ | संस्थागत | कक्षा-६ |
| ३ | आशा एकेडेमी | धरान-६ | संस्थागत | कक्षा-१० |
| ४ | मदर इङलिस बोर्डिङ स्कुल | धरान-५ | संस्थागत | कक्षा-४ |
| ५ | चिल्ड्रेन हाउस मन्टेश्वरी | धरान-१५ | संस्थागत | कक्षा-४ |
| ६ | जोल साया एकेडेमी | धरान-११ | संस्थागत | कक्षा-९ |
| ७ | धरान इङलिस बोर्डिङ स्कुल | धरान-५ | संस्थागत | कक्षा-७ |
| ८ | स्मल वल्ड चाइल्ड डे केयर सेन्टर एण्ड मन्टेश्वरी | धरान-११ | संस्थागत | प्रारम्भिक बाल विकास |
| ९ | होली गार्डेन एकेडेमी | धरान-१ | संस्थागत | कक्षा-८ |
| १० | सिलामसाक्मा नमुना बालविकास केन्द्र | धरान-१५ | सामुदायिक | प्रारम्भिक बाल विकास |
| ११ | एप्पल ग्रीन मन्टेश्वरी | धरान-११ | संस्थागत | प्रारम्भिक बाल विकास |
| १२ | पाठशाला | धरान-१४ | संस्थागत | प्रारम्भिक बाल विकास |
| १३ | दिपेन्द्र स्मृति आधारभूत विद्यालय | धरान-१७ | सामुदायिक | कक्षा-७ |
| १४ | इमानुयल चिल्ड्रेन स्कुल | धरान-१३ | संस्थागत | प्रारम्भिक बाल विकास |
| १५ | गुरुकुल धरान | धरान-६ | संस्थागत | प्रारम्भिक बाल विकास |
| १६ | श्री पर्ल किन्डरगार्डेन मन्टेश्वरी | धरान-३ | संस्थागत | प्रारम्भिक बाल विकास |
| १७ | सत्य शिशु निकेतन सेकेन्डरी बोर्डिङ्ग स्कुल | धरान-१५ | संस्थागत | स्थानान्तरण सम्बन्धमा वाड नम्बर १० बाट १५ मा सार्ने |
| १८ | जनजागरण आ.वि. | धरा-२० | सामुदायिक | नयाँ विद्यालय स्थापना (कक्षा-१) |